# विद्यालय अध्ययन सहायता प्रणाली सम्बन्धी सूचना



कावासाकी शहरको शिक्षाले "हरेकको क्षमता विकास तथा सबै मिलेर उज्यालो भविष्य निर्माण गर्ने" उद्देश्य बोकेको छ। विद्यालय अध्ययन सहायता प्रणाली भनेको, बाल-विद्यार्थीले शहर स्थापित प्राथमिक तथा माध्यमिक विद्यालयहरूमा अध्ययन गर्दा, आर्थिक कारणले अप्ठ्यारोमा परेका व्यक्तिप्रति, अध्ययन सामाग्री खर्च, शैक्षिक भ्रमण खर्च जस्ता आवश्यक खर्च सपोर्ट गर्ने प्रणाली हो।

## 1 विद्यालय अध्ययन सहायता प्राप्त गर्ने व्यक्ति

निम्न 1~5 मध्येका कुनै एक आवेदनका कारणमा पर्नुहुने व्यक्तिले विद्यालय अध्ययन सहायताको आवेदन दिन सक्नु हुनेछ।

**1 जीवनयापन संरक्षणको लाभ प्राप्त गरिरहेको** → हो → विद्यालय अध्ययन सहायता आवेदन दिन मिल्छ

होइन ↓

**2 यस आर्थिक वर्ष वा गत आर्थिक वर्षमा जीवनयापन संरक्षण लाभ रोकिएको अथवा बन्द गरिएको। तथा, हालको समयमा पनि जीवनयापन संरक्षण लाभ प्राप्त गर्दाको समय सरहकै घरपरिवारको अवस्था रहेको।** → हो → विद्यालय अध्ययन सहायता आवेदन दिन मिल्छ

होइन ↓

**3 एकल अभिभावकीय बालबालिका लालनपालन भत्ता *1 लाभ प्राप्त गरिरहेको** → हो → विद्यालय अध्ययन सहायता आवेदन दिन मिल्छ

होइन ↓

**4 रेइवा संवत् 7 (सन् 2025) सालको घरपरिवारको कुल आय*2 आधारभूत मापदण्ड रकम भन्दा कम (दायाँ तालिकाको आधारभूत मापदण्ड रकम (अनुमानित मानक) भन्दा कम)** → हो → विद्यालय अध्ययन सहायता आवेदन दिन मिल्छ

होइन ↓

**5 परिशिष्ट पत्र *3 मध्येको कुनै एकको कारणसँग मेल खाने (रेइवा संवत् 7 (सन् 2025) सालको आय आधारभूत मापदण्ड रकम नाघेको)** → हो → विद्यालय अध्ययन सहायता आवेदन दिन मिल्छ

होइन ↓

**दायरा भन्दा बाहिर पर्छ।**



| घरपरिवारमा मानिसको संख्या | आधारभूत मापदण्ड रकम (अनुमानित रकम) |
|---|---|
| 2जना | लगभग 230मान येन |
| 3जना | लगभग 286मान येन |
| 4जना | लगभग 330मान येन |
| 5जना | लगभग 379मान येन |
| 6जना | लगभग 430मान येन |
| 7जना | लगभग 482मान येन |
| 8जना | लगभग 516मान येन |

4 को कारण अन्तर्गत आवेदन दिन मिल्छ कि मिल्दैन भन्ने कुरा, रेइवा संवत् 7 (सन् 2025) सालको घरपरिवारको कुल आय, माथिको तालिकाको आधारभूत मापदण्ड रकम (अनुमानित मानक) भन्दा कम हुन्छ वा हुँदैन, भन्ने कुरा अनुसार निर्णय लिनुहौला (हरेक घरपरिवारको उमेरको संरचना अनुसार, आधारभूत मापदण्ड रकम केही तलमाथि पर्दछ)।

*1 एकल अभिभावकीय बालबालिका लालनपालन भत्ता भनेको मुख्यतया बुवा वा आमा मध्ये एकजना मात्र भएको घरपरिवार दायरामा पर्ने प्रणाली हो र, "बालबालिका भत्ता" या "अपाङ्ग बालबालिका विशेष भत्ता" भन्दा फरक हुन्छ।

*2 रेइवा संवत् 7 (सन् 2025) सालमा परिवारको कुल आयका सम्बन्धमा, तल वर्णन गरिएको प्रश्न 6 मा पनि हेर्नुहोस्।

*3 परिशिष्ट पत्रको "अनुमोदनको आधारभूत मापदण्ड रकम नाघेपनि सहायता पाउन सकिने कारण एवम् आवश्यक कागजात सम्बन्धमा" भन्ने पत्रलाई अनिवार्य रूपमा हेर्नुहोला।

## 2 सहायताको अन्तर्वस्तु (विद्यालय अध्ययन सहायताको खर्च शीर्षक एवम् रकम)का बारेमा

| सहायता खर्चहरू | प्राथमिक विद्यालय | | | माध्यमिक विद्यालय | | |
|---|---|---|---|---|---|---|
| | 1नेन | 2~5नेन | 6नेन | 1नेन | 2नेन | 3नेन |
| विद्यालय सामाग्रीहरुको खर्च/आवतजावत सामाग्रीहरुको खर्च | 11,630येन | 13,900येन | | 22,730येन | 25,000येन | |
| अतिरिक्त क्रियाकलाप शुल्क (★) | 1,600येन | | | 2,310येन | | |
| गर्मी सुविधा सहभागिता शुल्क | | वास्तविक खर्च भुक्तानी | | | वास्तविक खर्च भुक्तानी | |
| प्रकृति कक्षासहभागिता शुल्क (खाना शुल्क) (★) | | 5नेन मात्र 4,000 येन | | 4,000 Yen | | |
| आवतजावत खर्च | वास्तविक खर्च भुक्तानी (विद्यालय एरिया बाट 2 किलोमिटर भन्दा बढी टाढा बस्नुहुनेले मात्र) | | | वास्तविक खर्च भुक्तानी (विद्यालय एरिया बाट 3किलोमिटर भन्दा बढी टाढा बस्नुहुनेले मात्र) | | |
| नयाँ भर्ना तयारी शुल्क | | | 63,000 येन | | | |
| नयाँ भर्ना भएका विद्यार्थीहरूका लागि विद्यालय सामाग्रीहरुको खर्च | 57,060 येन | | | 63,000 येन | | |
| शैक्षिक भ्रमणखर्च (★) | | | वास्तविक खर्च भुक्तानी | | | वास्तविक खर्च भुक्तानी |
| क्लब गतिविधि शुल्क | | | | 20,280 Yen | 12,480 Yen | 7,200 Yen |
| स्नातक एल्बम शुल्क, आदि | | | वास्तविक खर्च भुक्तानी | | | वास्तविक खर्च भुक्तानी |
| विद्यालय रोग चिकित्सा खर्च (★) | वास्तविक खर्च | | | | | |
| विद्यालयको खाजा खर्च | वास्तविक खर्च(अध्ययनसहायता स्वीकृति प्राप्त गरेपछि नगरपालिकाले वास्तविक खर्च वहन गर्नेछ) | | | | | |

*तालिकामा भएको रकम रेइवा संवत् 7 (सन् 2025) आर्थिक वर्षको वास्तविक रकम हो। **रेइवा संवत् 8 (आर्थिक वर्ष 2025) सालको लाभ भुक्तानी रकमको जानकारी, समीक्षा पश्चात्, अनुमोदित व्यक्तिलाई पठाइने अनुमोदन प्राप्ति नतिजाको सूचना" भित्र राखिने योजना छ।**

*माथिको तालिका मध्ये, **"संरक्षण गर्नुपर्ने" अनुमोदित व्यक्ति (जीवनयापन संरक्षण लाभार्थी) (★) का सहायता खर्च शीर्षकको मात्र लाभ पाउने दायरा** मा परिने हुन्छ।

*रकम लेखिएका सबै वार्षिक रकम हुन् र, आधारभूत रूपमा वर्षमा 3 पटकमा बाँडेर भुक्तानी दिइने छ। हरेक पटकको भुक्तानी पिच्छे लाभ भुक्तानीको दायरामा पर्ने व्यक्ति सबैलाई प्रेषण गरिने "विद्यालय अध्ययन सहायता भुक्तानी सूचना"मा भुक्तानीको अन्तर्वस्तुहरू निश्चय गर्न सक्नु हुनेछ। साथै, आर्थिक वर्षको बीचमा अनुमोदित व्यक्तिको हकमा, अनुमोदित अवधि अनुसारको रकम भुक्तानी गरिनेछ।

*यस माथि उल्लिखित हरेक खर्च शीर्षकमा भुक्तानी दिने प्रणाली हो। विद्यालयमा दाखिला गर्नुपर्ने रकमलाई मिनाहा दिने प्रणाली भने होइन।

*हरेक खर्च शीर्षकलाई वास्तवमा लागेको खर्चहरू शिक्षा परिषद् विद्यालयसँग निश्चय गरेर मात्र वास्तविक लागत भुक्तानी गरिने हुन्छ।

* "प्रकृति शिक्षण शिविर सहभागीता शुल्क"का बारेमा, याचुगाताके युथ आउटडोर लर्निङ सेन्टर बाहेकका सुविधा स्थल प्रयोग गरेको खण्डमा, ती हरेक सुविधा स्थलको खाना खर्च अनुसारको वास्तविक लागत भुक्तानी गरिने छ।

* "विद्यालय इलाका भित्र बसोबास गर्ने वा विशेष परिस्थिति भएका व्यक्ति जसले सार्वजनिक यातायात प्रयोग गरेर विद्यालय आवतजावत गर्छन्, उनीहरू मात्र विद्यालय आवतजावत खर्च" पाउने दायरामा पर्छन्।

* "नयाँ भर्ना बाल-विद्यार्थी अध्ययन सामाग्री खर्च"को हकमा, अघिल्लो आर्थिक वर्ष (विद्यालय जान बाँकी बालबालिका, प्राथमिक विद्यालय 6 वर्षे विद्यार्थी)ले "नयाँ भर्ना तयारी रकम" प्राप्त नगरेको र अप्रिल 30 तारिखसम्ममा अनुमोदन प्राप्त गरेका छ भने उक्त घरपरिवारलाई मात्र भुक्तानी हुन्छ।

* "विद्यालय सिर्जित बिमारी उपचार खर्च"को दायरामा पर्ने भनेको, विद्यालयको नियमित बडी चेकअपहरूको रिपोर्ट आएको, उपचार गर्न निर्देशन पाएको विद्यालय सिर्जित बिमारी हुनेछन्।

* "विद्यालय खाजा खर्च" रेइवा संवत् 8 (सन् 2026)को आर्थिक वर्षमा राष्ट्रिय सरकार अन्तर्गतको परियोजनामा रहेर सञ्चालन हुन्छ र, विद्यालय अध्ययन सहायताको अनुमोदन नहुँदासम्म, केही समयको लागि खाजा खर्च तपाईंहरूले नै तिर्नुपर्ने हुनसक्छ।**"विद्यालय खाजा खर्च" तिर्नुपर्ने बारे, विद्यालय अध्ययन सहायताको अनुमोदन भएपछि तिरेको रकम फिर्ता हुने बारेमा, केन्को क्यूस्योकु सुइसिन सिचु (स्वास्थ्यवर्धक खाजा प्रवर्धन कक्ष) मा सोधपुछ गर्नुहोस्।**

*विद्यालय अध्ययन सहायताको अनुमोदित व्यक्ति जो भूकम्प या महाविपद्को कारणले आश्रय लिइरहेका छन् भने, भिन्दै खर्च शीर्षकको लाभ भुक्तानी हुन्छ।

## 3 आवेदनको प्रक्रिया अपानाउने देखि लाभ भुक्तानीसम्मको प्रवाह

### (1) आवेदन तथा समीक्षा नतिजाको प्रेषण

अनलाइन प्रक्रिया कावासाकी (e-KAWASAKI) अथवा कागजको आवेदन फाराम पेस (हुलाकबाट पठाउने अथवा आफै लिएर आउने)



| आवेदन वर्गीकरण | आवेदन अवधि | समीक्षा नतिजा प्रेषण योजित समयावधि |
| --- | --- | --- |
| **आर्थिक वर्ष सुरुदेखिको आवेदन**<br>(4/1 देखि नै लाभ प्राप्त गर्ने आवेदन) | **रेइवा संवत् 8 (सन् 2026) साल अप्रिल 1 तारिखदेखि जुन 1 तारिखसम्म**<br>(हुलाकबाट पठाउने भए हुलाक छाप लागेको दिनसम्म वैध हुने) | **जुलाई मसान्त, सेप्टेम्बरको उत्तराद्धतिर** |
| **आर्थिक वर्षको बीच देखिको आवेदन**<br>(कुनै कारण भएर गर्नुपरेको आवेदन) | **कारण आइपरेको दिन भन्दापछिको मसान्त दिनसम्म**<br>(हुलाकबाट पठाउने भए हुलाक छाप लागेको दिनसम्म वैध हुने) | **सेप्टेम्बरको उत्तराद्धतिर, नोभेम्बरको मध्यतिर, जनवरीको उत्तराद्धतिर, फेब्रुअरीको उत्तराद्धतिर हरपल** |
| **आर्थिक वर्ष बीचको आवेदन**<br>(आवेदन दिएको महिनादेखिको लाभ प्राप्त गर्न आवेदन) | **हरपल**<br>(हुलाकबाट पठाउने भए हुलाक छाप लागेको दिनसम्म वैध हुने) | **सेप्टेम्बरको उत्तराद्धतिर, नोभेम्बरको मध्यतिर, जनवरी उत्तराद्धतिर, फेब्रुअरी उत्तराद्धतिर हरपल** |

*आर्थिक वर्षको सुरुवातदेखि नै आवेदन दिने बारेमा, निरन्तर आवेदनको दायरा पर्ने व्यक्ति (अघिल्लो आर्थिक वर्षको अन्त्यमा अनुमोदित व्यक्ति)को हकमा, सिद्धान्ततः आवेदन दिनु पर्दैन (समीक्षाबाट सुरु हुने)। तथापि, अघिल्लो आर्थिक वर्षबाट घरपरिवारको स्थितिमा परिवर्तन आएको अवस्थामा, वा रेइवा संवत् 8 (सन् 2026) साल जनवरी 1 तारिखको समयाविन्दुमा कावासाकी शहरको बासिन्दा नरहेको अवस्थामा, वा यस आर्थिक वर्षको आवेदन कारण नं. 5 अन्तर्गत परेको अवस्थामा, निरन्तर आवेदनको दायरामा परेपनि, आवेदन एवम् अतिरिक्त कागजात पेस गर्नुपर्ने आवश्यकता रहन सक्छ।

*आवेदन प्रक्रिया बारे विस्तृत जानकारीको लागि, परिशिष्ट पत्र पनि हेर्नुहोला।



### (2) लाभ भुक्तानी र लाभ भुक्तानीका अन्तर्वस्तु प्रेषण

मुलतः वर्षमा 3 पटक (अगस्ट वा अक्टोबर, डिसेम्बर, मार्च) मा विभाजन गरेर लाभ भुक्तानी गरिने छ र हरेक पटक भुक्तानी गर्दा त्यस सम्बन्धी सूचना प्रेषण गर्ने योजना छ। पुनश्च, अनुमोदन प्राप्त समयाकाल अनुसार, लाभ भुक्तानीको पटक सङ्ख्या फरक पर्छ।

### 3) अन्य

आर्थिक वर्षको बीचमा घरपरिवारमा परिवर्तन आदि आएको अवस्थामा, त्यो बेलाको लागि अनुमोदन खारेजी हुन सक्छ। त्यसबखत पुनःआवेदन दिनुपर्ने हुन्छ।

## 4 प्रायः आइरहने प्रश्नहरू

प्रश्न 1 प्राथमिक विद्यालयमा भर्ना गर्नु अघि "विद्यालय अध्ययन सहायता (नयाँ भर्ना तयारी रकम)"को लागि आवेदन गरेको थिएँ, के विद्यालय भर्ना गरेपछि फेरि आवेदन दिनुपर्छ?
उत्तर 1 "विद्यालय अध्ययन सहायता (नयाँ भर्ना तयारी रकम)" अनुमोदित नभएका व्यक्तिको हकमा आवेदन दिनुपर्छ।

श्न 2 मेरो घरपरिवार "निरन्तर आवेदनको दायरा"मा पर्ने हो कि नपर्ने हो, थाहा पाउन सकिन।
उत्तर 2 प्रापक उल्लेख गरिएको खाममा समेटिएको कागजातमा, [ 継続申請 (निरन्तर आवेदन) ] भनेर लेखिएको रहेछ भने दायरामा पर्नु हुनेछ।



प्रश्न 3 दाजुभाइ-दिदीबहिनी छन् भने, उनीहरू पनि हरेकको आवेदन फाराम पेस गर्नुपर्ने हो र?
उत्तर 3 आवेदन फाराम पेस गर्दा, हरेक घरपरिवारले 1 प्रति पेस गर्नुहोस्।

प्रश्न 4 अनलाइन आवेदनको विधि थाहा छैन।
उत्तर 4 वेबसाइटको जानकारी (तल उल्लिखित URL) बाट आवेदनको प्रवाह निश्चय गर्न सकिन्छ (सम्बन्धित विषयको आवेदन फारामको लिङ्क रहेको)।

प्रश्न 5 हुलाकबाट आवेदन फाराम पठाउनु पर्दा, खाम के गर्दा ठिक होला?
उत्तर 5 कागजी आवेदन फाराम पेस गर्ने अवस्थामा, खाम (प्रेषकको ठेगाना, नामथर खुलाउने) एवम् हुलाकबाट पठाउने शुल्क (हुलाक टिकट) आफैँले व्यवस्था गर्नुहोस्।

प्रश्न 6 अघिल्लो वर्षको कुल आय आधारभूत मापदण्ड रकम भन्दा कम थियो कि थिएन थाहा पाउन सकिन। आवेदनको कारण नं. 4 (आधारभूत मापदण्ड रकम भन्दा कम आय) हुँदा, आवेदन दिन मिल्छ त?
उत्तर 6 "घरपरिवारको अघिल्लो वर्षको कुल आय" थाहा पाउनको लागि, गेन्सेन् च्योउ-स्यू ह्योउ (आयस्रोत कर कट्टी पत्र)को "क्यूयो स्योतोकु कोउज्यो गो-नो किन्गाकु (तलब आयमा कर-कटौती पश्चात्को रकम)" या खाकुतेइ सिन्कोकु-स्यो (अन्तिम कर फिर्ती निवेदन फाराम)को "स्योतोकु किन्गाकु (आय रकम)"को गोउकेइ-रान (कुल रकम कोष्ठ) आदिमा उल्लेख गरिएको रकम हेर्नुहोस्। घरपरिवारको कुल आय, अघिल्लो पृष्ठको तालिकामा रहेको "कुल आय (अनुमानित मानक राशि)"को रकम भन्दा न्युन भएमा, आवेदन दिन मिल्छ। पुनश्च, आधारभूत मापदण्ड रकम भन्दा कम थियो कि थिएन थाहा नभएपनि आवेदन दिन मिल्छ।

प्रश्न 7 आयको प्रमाणपत्र कहिले र कहाँ प्राप्त गर्न सकिन्छ?
उत्तर 7 जनवरी 1 तारिखको समयमा बसोबास दर्ता रहेको स्थानको नगर/गाउँपालिकामा आवेदन दिन सकिन्छ। प्रमाणपत्र जारी गर्ने समयाकाल धेरैजसो मे महिनाको उत्तराद्धतिर हुने गर्दछ, जसको लागि आ-आफ्नो अघिल्लो ठेगाना स्थलको सम्बन्धित विभागहरूमा सोधपुछ गर्नुहोला।

प्रश्न 8 दुई घरपरिवार भएको घरमा बसोबास गरिरहनुभएका हजुर बुवा/आमा (आफन्त) या जागिरको कारणले एकल टाढा बस्ने बुवा हुनुहुन्छ र, घरपरिवार छुट्टिएर बसेका छौँ। एकै घरपरिवारमा समावेश गरेर आवेदन दिनुपर्छ कि?
उत्तर 8 घरपरिवार छुट्टिसकेको परिवार भएपनि दुई घरपरिवार भएको घर या अपार्टमेन्ट आदिमा एकै कोठामा बसोबास गर्ने गरेका परिवार र जागिरको कारणले एकल टाढा बस्ने या छुट्टै बसोबास गर्ने भएपनि एउटै स्रोतबाट जीविकोपार्जन गर्ने परिवार आदिलाई, एकै घरपरिवार स्वरूप आवेदन दिन

**[ सोधपुछ स्थल एवम् चेकजाँच गर्न मिल्ने वेबसाइट ]**

**Syugaku Enjyo Seido Zenpan (विद्यालय अध्ययन सहायता प्रणाली, समग्र)**
**Kawasaki-shi Kyoiku Iinkai Jimu Kyoku Soumu-bu Gakuji-ka**
**(कावासाकी शहर शिक्षा परिषद् सचिवालय, सामान्य प्रशासन विभाग, शैक्षिक मामिला फाँट)** 044−200−3736

**Gakko-byo Iryo-hi (विद्यालय सिर्जित बिमारी उपचार खर्च)**
**Kawasaki-shi Kyoiku Iinkai Jimu Kyoku Gakko Kyoiku-bu Kenko Kyoiku-ka**
**(कावासाकी शहर शिक्षा परिषद् सचिवालय, शिक्षा विभाग, स्वास्थ्य शिक्षा फाँट)** 044−200−3293

**Gakko Kyusyoku-hi (विद्यालय खाजा खर्च)**
**Kawasaki-shi Kyoiku Iinkai Jimu Kyoku Kenko Kyusyoku Suishin Shitsu**
**(कावासाकी शहर शिक्षा परिषद् सचिवालय, स्वास्थ तथा खाजा प्रवर्धन कक्ष)** 044−200−2539

**वेबसाइट:** https://www.city.kawasaki.jp/880/category/12-8-1-0-0-0-0-0-0-0.html
English / 中文 / 한글 / Español / Português / ภาษาไทย / Người việt nam / Filipino / **नेपाली**